# यौन अधिकार

**"आफ्नो यौनिकतासँग सम्बन्धित यौन र प्रजनन स्वास्थ्यसमेतका सबै मामिलामा महिलाले कुनै पनि प्रकारको जबरजस्ती, भेदभाव, हिंसा र कसैको नियन्त्रणविना स्वतन्त्रतापूर्वक र जिम्मेवारीपूर्ण निर्णय लिन पाउने जस्ता सम्पूर्ण अधिकारहरू यौन अधिकार हुन् । व्यक्तिको पूर्णता** (Integrity) **को पूर्ण कदरसहितको यौनसम्बन्ध र प्रजनन मामिलामा महिला र पुरुषबीच समान सम्बन्धका लागि दुवैबीच पारस्परिक सम्मान, सहमति, यौन व्यवहार र त्यसका परिणामबारे साझा जिम्मेवारीको भावनाको आवश्यकतापर्दछ ।"**

*(स्रोत Plat form for action of the fourth world conference on women United Nations, Beijing 1995: paragraph 96)*

**यौन अधिकारले पुरुष र महिलालाई निम्नलिखित अधिकारहरू प्रदान गरेको छ :**

- ❖ आफ्नो शरीरमाथिको नियन्त्रणको अधिकार
- ❖ आफ्नो इच्छाअनुसार कहिले, कोसित र कसरी यौनसम्पर्क गर्ने भन्ने निर्णय लिने अधिकार ।
- ❖ आफ्नो यौनिकताबारे निर्णय लिने अधिकार
- ❖ हिंसा वा हिंस्रक माध्यम प्रयोग गरेर जबरजस्ती गर्ने यौनसम्पर्कको विरोध गर्ने अधिकार ।
- ❖ यौन आनन्द लिने अधिकार ।
- ❖ एच.आइ.भि. र अन्य यौन रोग सङ्क्रमणबारे बच्ने उपायहरूको अधिकार ।
- ❖ यौनस्वास्थ्य सेवाको अधिकार ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित अधिकारहरू व्यवहारमा कार्यान्वयन गरी आफ्ना नागरिकहरूलाई सुसूचित गराउने जिम्मेवारी राज्यको हो । महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (CEDAW) अनुमोदन गरी महिलाका अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता राज्यले जाहेर गरिसकेको स्थिति छ । चौथो विश्व महिलासम्मेलन (बेइजिङ्ग) जनसङ्ख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रियसम्मेलन (कायरो) जस्ता विश्वसम्मेलनहरूद्वारा पारित कार्ययोजनाहरूमा समर्थन जनाई सोही अनुरूप देशभित्रका नागरिकहरूलाई सेवा प्रदान गरी अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता राज्यद्वारा व्यक्त गरिएको छ । तर ती प्रतिबद्धताहरू कागजमा मात्रै सीमित रहेको

देखिन्छ। किनभने आफ्नो शरीरमाथि नियन्त्रणको अधिकार प्रयोग गर्न नपाएका कारण महिलाहरू कुटपिट, यातना, जिउँदै जलाउने, एसिड छ्याप्ने जस्ता विभिन्न खाले हिंसा खप्न बाध्य छन् । आफू महिला समलिङ्गी भएको यथार्थतालाई प्रकाशमा ल्याएकै कारण जागिरबाट निकाला हुनुपर्ने, घरबाट निकाला हुनुपर्ने तथा अन्य विभिन्न कारणहरू भए तापनि मुख्य कारण भनेको घर, परिवार, समाज र राज्यमा नै महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा स्थापित गर्ने परम्परा हो । यसको स्पष्ट उदाहरण सुरक्षित गृहमा रहेकी बालिकाको भोगाइलाई लिन सकिन्छ : ४८

**४८"मेरा आमाबुबा हुनुहुन्न। म आफ्ना दुई जना दाजु र भाउजूहरूसँग बस्थें। मैले पढेको पनि छैन। म घरमा गाईभैंसी हेर्ने, घाँस काट्ने काम गर्थे। म १४ वर्षकी भएँ। एक रात म सुतिरहेकी थिएँ । दाजुहरू पनि घरमा थिएनन् । भाउजूहरू पनि माइती गएका थिए । म घरमा एक्लै थिएँ। राती एक जना गाउँकै मानिस हाम्रो घरमा आयो र मलाई बलात्कार गऱ्यो। उसले मलाई यदि यो कुरा मैले कसैलाई भनें भने मलाई मारिदिने, समाजमा मेरो बेइज्जत गर्ने धम्की दियो। समाजमा बेइज्जत भएपछि, मलाई दाइहरूले घरबाट निकालिदिन्छन् भन्ने डरले मैले यो कुरा कसैलाई पनि भनिनँ। पछि म बिस्तारै बिरामी हुन थालें। केही महिनापछि मलाई अस्पतालमा उपचार गर्न लगियो। त्यहाँ डाक्टरले मेरो गर्भ ८ महिनाको भइसकेको जानकारी दिए। त्यसपछि मलाई दाइहरूले घरबाट निकालिदिए। अहिले म एउटा सुरक्षित बासमा बसेकी छु। मेरो बच्चा यहीं जन्मियो । तर यो ठाउँमा मलाई धेरै दिन राख्दैनन् । मलाई हरेक दिन अब म कहाँ जाने ? के गर्ने ? भन्ने चिन्ता लागिरहन्छ। यो सबै हुनुमा मेरो के दोष छ ? मैले बुझ्न सकेकी छैन।"**

विभिन्न प्रकारका हिंसा र शोषणहरू खप्न बाध्य हुनुपरेको स्थिति छ । सुरक्षित यौनका लागि पहल गर्न खोज्दा पिटाइ खानुपर्ने र घर बाट निकाला हुनुपर्ने अनि जबरजस्ती यौन सम्पर्कका कारण एच.आइ.भि.को जोखिममा परिरहेको स्थिति छ। यौन अधिकार सुनिश्चित नभएकै कारण महिलाहरूले खप्नुपरेका यस्ता विभिन्न हिंसाहरूको मात्रा निकै बढी छ । तैपनि यी अधिकारहरू सुनिश्चित गर्नेतर्फ आवश्यक पहल हुन सकेको छैन । यसका समाजमा व्याप्त लैङ्गिक असमानता, बढ्दो गरिबी र संस्कृतिले गर्दा महिलाको सुरक्षित यौनका बारेमा पहल गर्न नसक्ने अवस्था छ। फलस्वरूप महिलाहरू अनिश्चित गर्भधारण र एच.आइ.भि. को जोखिममा परिरहेका छन् । हिंसाको शिकार बनिरहेका छन् । महिलाहरू कसरी एच.आइ.भि.को जोखिममा परिरहेका छन् ? भन्ने बारे महिलाहरू आफ्नो भोगाइहरू यसरी व्यक्त गर्दछन् :४९,५०,५१,५२,५३

४९"मलाई मेरो लोग्नेसँग विवाह गर्न मन थिएन । त्यतिखेर म १६ वर्षकी मात्रै थिएँ । उसले मेरा आमाबुबालाई उसँग मेरो विवाह नगरिदिए आर्मीमा जागिर खाएर मेरो दाइलाई मारिदिने धम्की दिएको रहेछ । त्यतिखेर ऊ आफूलाई माओवादी भन्ने गर्थ्यो । ऊ साँच्चिकै माओवादी थियो वा थिएन हामीलाई थाहा थिएन । तर मेरा आमाबुबा उसको धम्कीदेखि डराउनुभयो र मेरो लाख असहमति हुँदाहुँदै पनि मेरा आमाबाबुले उसँग मेरो विवाह गरिदिनुभयो । अहिले उसलाई एड्स भएको थाहा भएर हामी सबै अन्योलमा परेका छौँ । हाम्रो छोरी भइसकेको छ । मलाई मेरी छोरीलाई पनि एच.आइ.भि.को परीक्षण गर्न डाक्टर र अरू सबैले सल्लाह दिइरहेका छन् । मैले आँट गर्न सकेकी छैन । तर मलाई थाहा छ मैले जँचाउनुपर्दछ । शायद म र मेरी छोरी दुवैमा एच.आइ.भि. देखिन्छ होला । मैले १० कक्षासम्म पढेकी छु । मलाई एड्स कसरी सर्छ भन्ने पनि थाहा छ र कसरी आफूलाई जोगाउन सकिन्छ भन्ने पनि थाहा छ । तर मेरो इच्छाविपरीत जबरजस्ती गरिएको यो विवाह र त्यसभित्र मेरो श्रीमान्सँग राखिएको असुरक्षित यौन सम्पर्कका कारण म यो स्थितिमा पुगेकी छु । यसमा मेरो के दोष छ र ? तैपनि मेरो श्रीमान्ले मलाई सधैँ गाली गर्छ । ऊ बिरामी भए पनि मलाई पिट्छ ।" – एक महिलाको अनुभव

५० "म २१ वर्षीया यौनकर्मी हुँ । मेरा बूढी आमा र दुई जना छोराछोरी छन् । तिनलाई मैले पाल्नुपर्दछ । मैले दुई दिन काम गर्न सकिनँ भने मेरो घरमा भात पाक्न गाह्रो हुन्छ । मैले मेरी आमाको लागि आवश्यक औषधि किन्न सक्दिनाँ । मलाई परिवार पाल्नकै लागि पनि मेरो शरीर निरोगी रहनुपर्दछ जस्तो लाग्दछ । म आफू एच.आइ.भि. सङ्क्रमण र अन्य विभिन्न रोगहरूबाट बच्न कण्डम प्रयोग नगरी यौन सम्पर्क गर्न चाहने ग्राहकसँग यौनसम्पर्क राख्दिनँ ।

यही क्रममा एकदिन राति एक जना ग्राहकले मलाई । विनाकण्डम यौन सम्पर्क राख्न मलाई जबरजस्ती गऱ्यो । मैले नमान्दा मलाई देह व्यापार गर्ने महिला भएर नाटक गर्छेस् भनेर बेस्कन कुट्यो र बलात्कार गऱ्यो । मैले यो सहन सकिनँ र पुलिसकहाँ ममाथि भएको हिंसाका बारे रिपोर्ट गर्न गएँ । तर त्यहाँ पुलिसको व्यवहारले मलाई झनै दुःखी बनायो । पुलिसले मलाई त्यही ग्राहकले भनेजस्तै भन्यो, "देहव्यापार गर्ने महिलाको पनि बलात्कार हुन्छ ? देहव्यापार गर्न बसिसकेपछि के सुरक्षित, के असुरक्षित ? ग्राहकले जसरी चाह्यो त्यसरी नै यौन सम्पर्क गर्नुपर्दछ ।" अनि त्यहाँ मेरो घटनासमेत दर्ता भएन, दोषीलाई कारबाही गर्ने कुरा त परै जाओस् । यसले मलाई शारीरिकका साथै मानसिक पीडा दिएको छ । ममाथि भएको अन्यायका बारेमा सुनिदिने कोही भएन र म आफू एच.आइ.भि. को जोखिममा पनि परे जस्तो मलाई लागेको छ । मेरा बारेमा सुन्ने को छ ? र न्याय कहाँ प्राप्त हुन्छ ? यसबारे म खोजी गरिरहेकी छु ।"

५१ "म ३५ वर्षीया विवाहिता महिला हुँ। मेरा दुई छोराछोरी छन्। मैले पढेकी छैन। विवाह भएको एक वर्ष पनि नबित्दै मेरो श्रीमान्ले मलाई कुटपीट गर्ने, टोक्ने अनि अन्य विभिन्न प्रकारले पीडा दिएर यौन सम्पर्क राख्दछ। कहिलेकाहीँ त ऊ मसँग ३ पटकसम्म पनि यौन सम्पर्क राख्दछ। उसको यो व्यवहारले मलाई मानसिक, शारीरिक तथा यौनिक रूपले शिथिल बनाएको छ। ममाथि हुने यो अन्यायका बारेमा मैले पटकपटक मेरी आमालाई भनेँ। उहाँले मलाई सम्झाउँदै के गर्ने त ? तेरो लोग्ने त्यही हो उसलाई नै राम्ररी सम्झा। जे भए पनि उसँग बस्नु तेरो धर्म हो भनेर मलाई सम्झाउनुभयो। मैले मेरो लोग्नेलाई छोड्छु भन्दा यदि मैले त्यसो गरेँ भने मेरी आमाले आत्महत्या गर्ने धम्की दिनुभयो। यही कुरा मैले आफ्ना सासूलाई पनि भनेँ। तर उहाँले पनि आफ्नो छोरा ठीक भएको भन्दै उल्टो मेरै गल्ती भएको भन्नुभयो।

अहिले म शारीरिक तथा मानसिक पीडाबाट ग्रसित छु। तर कहाँ जाने ? आफ्ना बच्चाहरूको माया लाग्छ। तिनीहरूलाई छोडेर कतै भागेर जाऊँ भने पनि उनीहरूले दुःख पाउलान् कि भन्ने डर लाग्छ। बच्चाहरू लिएर पनि कहाँ जाने ? कहाँ बस्ने ? कसरी पाल्ने ? जस्तो मलाई लाग्छ। यिनै छोराछोरीको माया लागेर म बसेकी छु। शरीरमाथि पिटाइ र निलडामहरू छन्। केही उपाय छैन म सधैँ टोलाइरहन्छु। अब त जिन्दगीदेखि विरक्त लागिसक्यो। यस्तो जीवन कहिलेसम्म बाँच्नुपर्ने हो, यही सधैँ सोचेर रोइरहन्छु।"

५२"मेरो श्रीमान् बिरामी परेको ४ वर्ष भयो। चार वर्षदेखि उसमा क्षयरोग देखिएको छ। कहिले ज्वरो आउने, कहिले पखाला लाग्ने जस्ता समस्याहरू उसलाई भइरहेका छन्। १ वर्षदेखि ऊ बेला-बेलामा सुन्निने पनि गर्दछ। गत दुई हप्तादेखि त झन् गाह्रो भइरहेको छ। उसको लिङ्गमा घाउ छ र त्यो घाउ सुन्निएर पीप भरिएको छ। डाक्टरहरूलाई देखाउँदा उसलाई एड्स भएको रहेछ। उसँग मेरो विवाह भएको ४ वर्ष ८ महिना मात्रै भएको छ। हाम्रो ३ वर्षकी छोरी छ। अब म के गरूँ ? मलाई यी कुरा सम्झँदा पनि अत्यास लाग्छ।"

५३ "म बैतडी जिल्लाको सानो गाउँमा मेरो मामाघरमा जन्में र आमाबुबासँग भारतमा हुर्कें। म १५ वर्ष पुग्नेबित्तिकै मेरो बुबाले मेरो विवाह महेन्द्रनगरनजिकको गाउँमा एउटा केटासँग गरिदिए । हाम्रो विवाह हुनेबित्तिकै मेरो श्रीमान् पैसा कमाउन भारत गयो । त्यसपछि हरेक दिन मेरो ससुरा मेरो कोठामा एउटा कटौरामा तेल लिएर आउँथ्यो। मलाई तिमी थाकेकी छ्यौ, म मालिस गरिदिन्छु भन्थ्यो। हरेक प्रकारले मलाई फकाउँथ्यो। मसँग यौनसम्पर्क राख्ने कोसिस गर्थ्यो। म उसँग डराएर दिनभर जङ्गलमा बस्थें । यस्तै क्रममा मैले फोन गरेर मेरो श्रीमान्लाई बोलाएँ। ऊ नआउन्जेल मलाई एकातिर मेरो ससुराले सताउँथ्यो भने अर्कातिर मेरा सासूले पनि मैले घरबाट दाइजो नल्याएको भनेर कुट्ने गर्थिन्। म यो जिन्दगीसँग दिक्क भइसकेकी थिएँ। श्रीमान् आएपछि सबै ठीक होला भनी आश गरेकी थिएँ । तर ऊ आए पनि मेरो जीवनमा परिवर्तन भएन। ऊ आउनेबित्तिकै मेरा सासू र ससुराले म चरित्रहीन भएको दिनभरि कोकोसँग बाहिर जाने गरेको भनी कुरा लगाए। आउनेबित्तिक्कै उसले मलाई कुटपिट गर्‍यो। ४ दिनपछि मेरा श्रीमान् र ससुराले मलाई नागरिकता बनाइदिने अनि सम्पत्ति दिएर छुट्याएर राख्ने भन्ने प्रस्ताव लिएर आए। मैले धेरै विचार गरेँ,एउटा निष्कर्षमा पुगेँ, यदि म उनीहरूसँग छुट्टिएर बसेँ भने कम्तीमा कुटाइपिटाइ त खानु पर्दैन, ससुराले दिने पीडाबाट मुक्ति मिल्छ भन्ठानेर हुन्छ भनेँ। त्यसपछि मलाई मेरो माइत लगेर महेन्द्रनगरमा नागरिकता बनाउने भनेर अगाडि श्रीमान् र पछाडि ससुरा भई मलाई बीचमा राखेर मोटरसाइकलमा नागरिकता बनाउन महेन्द्रनगर लिएर आए । कागजहरूमा सही गराए। पछि मलाई थाहा भयो उनीहरूले मलाई छक्काएर पारपाचुके गराएछन्। अहिले मेरो बस्ने ठाउँ छैन। म अहिले जम्मा १९ वर्षकी मात्र भएँ। अब बाँकी जिन्दगी मैले कसरी बिताउने ? मैले ससुरासँग यौनसम्पर्क राख्न नमानेकै कारण मेरो आज यो स्थिति भयो। म के गरूँ ? कहाँ जाऊँ ? - महेन्द्रनगरकी एक महिलाको भनाइ।

माथि उल्लिखित परिस्थितिहरूमा हामी महिलाहरू बाँच्नुपर्ने बाध्यता हाम्रो यौन अधिकारका सुनिश्चित नभएको कारणले नै हो। यौन अधिकारको अर्थ यौन र प्रजनन स्वास्थ्य अनि महिलाका यौनिकतासित सम्बन्धित अन्य सबै मामिलामा विना कुनै जबरजस्ती, भेदभाव र हिंसा अरू कसैको नियन्त्रणमा नरही, स्वतन्त्रतापूर्वक र जिम्मेवार तरिकाले निर्णय लिने सम्पूर्ण अधिकार हो । यी अधिकारहरूको सुनिश्चितता राज्यले गर्नुपर्दछ । अधिकार सजिलै प्राप्त हुँदैन । त्यसैले यसका लागि हामी सङ्गठित हुनु आवश्यक छ ।

माथिका पाँचवटै घटनाहरूमा महिलाको यौन अधिकार हनन भएका छन् । यस्तो स्थितिमा चुप लागेर बस्नु हुँदैन । प्रहरी प्रशासनले यस्ता घटनाहरूमा महिलालाई नै दोष देखाउनु भनेको उनीहरूले महिलामाथि गरेको अपराध हो । त्यसैले यसका बारेमा पनि सङ्गठित भएर आवाज निकाल्नु र विरोध गर्नु पर्दछ ।